मिति : २०८१।११।२२

समय : बिहान ११:०० बजे

स्थान: गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार

आज मिति २०८१।११।२२ गते बुधबार गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज बरालज्यूको अध्यक्षतामा गोलन्जोर गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| १. श्री शंकर राज बराल | गाउँपालिका अध्यक्ष |
| २. श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३. श्री रेगन राज थापा | गाउँपालिका प्रवक्ता |
| ४. श्री सोम प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५. श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६. श्री कृष्ण प्रसाद पोखरेल | कार्यपालिका सदस्य |
| ७. श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८. श्री गोबिन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९. श्री रबिन श्रेष्ठ | कार्यपालिका सदस्य |
| १०. श्री सम्झना पोखेल | कार्यपालिका सदस्य |
| ११. श्री सम्बर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२. श्री उर्बशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३. श्री अम्मरदिप बि क | कार्यपालिका सदस्य |
| १४. श्री शान्ता बि क | कार्यपालिका सदस्य |
| १५. श्री खरिमाया आले पुर्वछाने | कार्यपालिका सदस्य |
| १६. श्री चन्द्रकान्त चौधरी | प्रमुख प्रशासकीय अधिकृत |

**अन्य उपस्थिति**

| | |
|---|---|
| १। सरद प्याकुरेल | सूचना तथा प्रशासन शाखा |
| २ । बेल कुमार आले | प्रशासन शाखा |

## प्रस्तावहरु

१. नागरिकताको अनलाइन सिफारिस सम्बन्धमा ।

२. नियुक्ति सम्बन्धमा ।

३. विधान दर्ता सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ नागरिकताको अनलाईन सिफारिस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सिन्धुलीको मिति २०८१।११।११ को पत्रानुसार नयाँ तथा प्रतिलिपि नागरिकता सिफारिसमा अनलाइन प्रणालीको प्रयोग गर्ने र त्यसको लागि पालिकाले प्रारम्भिक चरणमा १ वडा छनौट गरी पठाउन अनुरोध भए बमोजिम यस गाउँपालिकाले प्रथम चरणको अनलाइन मार्फत नागरिकता सिफारिस प्रयोजनका लागि गोलन्जोर गाउँपालिका ५ नं. वडा छनौट गरीने निर्णय गरियो ।

निर्णय नं. २ नियुक्ति सम्बन्धमा छलफल गर्दा बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा नेपालको पत्र संख्या क.प्र. /२०८१/८२ च. नं. १८९२ मिति २०८१।१०।२८ को बढुवा नियुक्ति तथा पदस्थापन सम्बन्धी पत्रानुसार प्रदेश लोकसेवा आयोग बागमती प्रदेश लोकसेवा आयोग बागमती प्रदेशको सूचना नं. ९५/०८०-८१ (स्थानीय सेवा) अनुसार स्थानीय प्रशासन सेवा, लेखा समुह, लेखा अधिकृत/सातौं तहमा ज्येष्ठता तथा कार्यसम्पादन मुल्याङ्कनद्वारा हुने बढुवाको लागि बढुवा समितिको मिति २०८१।१०।२८ गतेको पत्रानुसार सिफारिस हुनुभएको श्री शिवराज सोती (क.स.नं. ३- २७-३९७४-००८९०)लाई मिति २०८१।०९।२९ देखि ज्येष्ठता लागु हुने गरी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ को उपदफा (१)बमोजिम यस पालिकामा लेखा अधिकृत सातौं तहमा नियुक्ति तथा पदस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ विधान दर्ता सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं. ५ खनियाखर्क निजि विद्यालय शैक्षिक गुठी सञ्चालनको लागि ऋतम्भरा ज्ञानस्वरुप विद्यालय खनियाखर्क गोलन्जोर ५ सिन्धुलीले निवेदन पेश गरेकोमा उक्त विद्यालय सञ्चालनको लागि शिक्षा नियमावली, २०५९ को परिच्छेद २ को नियम ११ मा भएको व्यवस्था अनुसार शैक्षिक गुठिको विधान सम्बन्धित निर्देशनालयबाट दर्ता गर्ने व्यवस्था भएको र यस कार्यालयबाट च.नं. १४१७ मिति २०८१।११।१९ गतेको पत्र मार्फत निर्देशनालयमा पेश भएकोमा र उक्त निर्देशनालयको च.नं. ५७८ मिति २०८१।११।२० को पत्र मार्फत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ज) को २ मा भएको व्यवस्था बमोजिम सामुदायिक संस्थागत गुठी विद्यालय स्थापना अनुमती सञ्चालन र व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई भएकोले सोही अनुसार विधान दर्ता गर्ने निर्णय गरियो ।